छलफल तथा निर्णयहरु

१. दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधारपत्रको मस्यौदा दस्तावेज विषय विज्ञबाट पुनरावलोकन (Peer Review) का लागि आवश्यक परामर्श सेवा लिने सम्बन्धमा बैठकमा प्रस्तावित देहायका विज्ञहरुबाट गराउन नियुक्तिका लागि स्वीकृति प्रदान गर्ने। साथै, प्रस्तावित विज्ञ उपलब्ध हुन नसकेको खण्डमा माननीय उपाध्यक्षज्यूको सहमति लिई बैकल्पिक व्यवस्था गर्ने। पुनरावलोकनकर्ता विज्ञलाई दिइने पारिश्रमिक सुशासन तथा सामाजिक विकास महाशाखाले वार्ताको माध्यमबाट तय गर्ने ।

    १. डा. मीनबहादुर श्रेष्ठ, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष
    २. डा. स्वर्णीम वाग्ले, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष वा
       डा. शंकरप्रसाद शर्मा, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष
    ३. डा. डिल्ली राज खनाल, राष्ट्रिय योजना आयोगका पूर्व सदस्य
    ४. डा. गोविन्द बहादुर थापा, अर्थशास्त्री
    ५. डा. विन्दुनाथ लोहनी, अर्थशास्त्री

   साथै, दीर्घकालीन सोचपत्र, २१०० र पन्ध्रौं योजनाको आधारपत्रको वित्तीय संघीयता, समष्टिगत आर्थिक क्षेत्र र मौद्रिक तथा वित्तीय नीति सम्बन्धी विषय क्षेत्र, समष्टीगत अर्थतन्त्रको विषय क्षेत्र र शहरी विकास तथा पूर्वाधार विषय क्षेत्रको आधारपत्र तयार गर्ने विषय विज्ञका रुपमा क्रमशः पूर्व उपाध्यक्ष, डा. मीनबहादुर श्रेष्ठ, पूर्व सचिव श्री सुमनप्रसाद शर्मा र अर्थशास्त्री डा. रमेश पौडेलबाट परामर्श सेवा लिइएको विषयलाई समर्थन गर्ने ।

२. आर्थिक व्यवस्थापन महाशाखाबाट पेश गरिएको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन गर्ने सम्बन्धमा बनेको विधेयक, २०७५ को मस्यौदामाथि छलफल भयो । उक्त मस्यौदा विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्वीकृतिका लागि प्रकृया अगाडि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

३. चौधौं योजनाको मध्यावधि (प्रथम दुई आर्थिक वर्ष) समिक्षाका लागि त्रिभूवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागसँग भएको सम्झौता बमोजिम उक्त विभागले बुझाएको परिमार्जन सहितको अन्तिम प्रतिवेदन स्वीकृत गर्ने ।

४. यस आ.व. २०७५/७६ मा राष्ट्रिय योजना आयोगको वार्षिक कार्यान्वयन कार्ययोजनामा नेपालको दीर्घकालीन सोच, वि.सं. २१००, पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), राष्ट्रिय तथ्यगत विवरण, नेपाल मानव विकास प्रतिवेदन लगायतका विशिष्ट एवम् महत्वपूर्ण कार्यभार सम्पन्न गर्नुपर्ने भएको सन्दर्भमा आयोगमा हाल कार्यरत कर्मचारीहरुलाई चालु आ.व. को अन्त्यसम्मका लागि अन्यत्र निकायमा सरुवा नगरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।